आज मिति २०७६/०६/०४ गते कैलाश गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री कोष बहादुर कुसाटेज्यूको संयोजकत्वमा कर्मचारीहरूको बैठक बसी तपशिल बमोजिमका प्रस्ताव माथि छलफल गरी देहायको निर्णय गरियो।

उपस्थिति:

१. श्री कोष बहादुर कुसाटे, प्र.प्र. अधिकृत
२. श्री सुरेश [illegible], अधिकृत
३. श्री श्याम सुन्दर महतो, शाखा संयोजक
४. श्री. सुमन [illegible] लेखापाल ओ.जे.टी.
५. " नरेन्द्र बहादुर धानुक सचिव वडा नं. ५,८
६. " प्रकाश राई सूचना प्रविधि अधिकृत
रामचन्द्र शिवाकोटी वडासचिव ६,१०
८. राजेन्द्र विष्ट सा.प. ५ -
९. राम कुमार गौतम सा.प. १,२
मनोज थापा OJT
दिल कुमारी थिङ OJT
तुलसी थिङ OJT
राममायाँ प्रजा । ३
फूलमायाँ सिन्तान
शेर बहादुर क्षेत्री वडा नं. १,२ वडा सचिव
रविन्द्र लाल थिङ वडा नं. ६,८ सा.प.
देवेन्द्र ब० प्रधान, लेखापाल
त्रिलोक थापा - लेखापाल
रामकुमार बलोलता - (शिक्षा संयोजक)
धन बहादुर थापा (अ.स.ई.)
क्रान्ती कुमाल (रोजगार संयोजक)
मिना थिङ (कानुनी सहजकर्ता)
(सुमन लामा शिक्षा शाखा)
उमेश गुरुङ ना.प्रा.स. (कृषि विकास शाखा)
प्रताप थिङ ना.प्रा.स. (कृषि विकास शाखा)
राम बहादुर थिङ वडासचिव वडा नं. ६,३,६
बबिता सुनार बबिता

सुमन लेखौला कैलाश गाउँपालिका ३ वडा अध्यक्ष

हरिन्द्र प्रसाद अधिकारी वडा सचिव कैलाश ३२४

कुमार थोकर १ नं. वडा सदस्य

देवराज पराजुली कार्यालय स्वा० चौ० इन्चार्ज

सुसना मुक्तान कैलाश गा० पा० वार्ड नं २ ६ ४ को स्वा० पो०

सन्तोष कुमार शाह स्वास्थ्य चौकी प्रमुख कैलाश

जित बहादुर सिन्तान १० नं. वडा सदस्य

सन्तोष कुमार सिंह कैलाश गा. पा. पशु विकास शाखा

लाल बहादुर राई (गोगने स्वा. चौ. प्रमुख)

प्रतिक्षा सापकोटा (नामटार स्वा. चौ. प्रमुख)

राम कुमार शाह / सि.ई. के गा.पा.)

कान्छीमाया सुनार ३ नं. वडा सदस्य

सन्तोष सिंह कैलाश गा० पा० कार्यालय सहयोगी

देव लाल थापा ३ नं. वडा अध्यक्ष

तिलक पुडसाईनी ४ नं. वडा अध्यक्ष

विशेष आमन्त्रित :–

श्री टेक बहादुर मुक्तान, अध्यक्ष कैलाश गा.पा. : प्रमुख अतिथि

२०७६।६।२

२०७६/६/२

<u>प्रस्तावहरु</u>

१ समिक्षा सम्बन्धमा ।

२ मासिक प्रगति विवरण सम्बन्धमा ।

३ संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७६ सम्बन्धमा ।

४ सार्वजनिक सुनुवाई सम्बन्धमा ।

५ चौमासिक समिक्षा सम्बन्धमा ।

६ शिर्षकगत राजस्व संकलन ।

७ सार्वजनिक खरिद सम्बन्धमा ।

८ कार्यपालिकाको निर्णय कार्यान्वयन सम्बन्धमा ।

९ योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

१० कानून निर्माण सहजिकरण समिति/उपसमितिको  कार्य प्रगति सम्बन्धमा ।

2076/6/2

## निर्णयहरु:

### निर्णय नं १

दैनिक प्रशासनिक कार्यहरु नियमित सञ्चालन भईरहेको । गाउँपालिका अन्तरगतका वडा कार्यालय तथा विषयगत शाखा प्रमुखसँग कार्य सम्पादन सम्झौता भएको र कार्य सम्पादन सम्झौता अनुसार कार्य विवरण तथा समस्थ कार्य प्रति उत्तरदायि बनाईएको । म्याद सकिएका करार सेवाका कर्मचारीहरुको करार सम्झौता गरी म्याद थप गर्ने कार्य अन्तिम चरणमा पुगेको । गाउँपालिका अन्तरगत वडा कार्यालयहरुमा आवश्यक कार्यालय सहयोगी करार सेवा मार्फत पदपूर्ति गर्न नयाँ सूचना प्रकाशन गर्ने कार्य अगाडी बढाईएको । बजेट निकासमा विलम्ब भएका कारण हालसम्म भौतिक तथा वित्तिय प्रगति हासिल हुन नसकेको । कार्यालयका लागि आवश्यक मसलन्द तथा अन्य सर सामानहरुको खरिद सम्बन्धि काम सम्पन्न हुन नसकेको । तथापी कर्मचारीको जागरुकता, उत्सुकता, कार्य प्रतिको संवेदनशिलता, जवाफदेही सेवा प्रवाह र नियन्त्रणको दायरा प्रति अभिमूख भएको साथै थप प्रभावकारीता साथ कार्यालयको उद्देश्य पूरा गर्न हामी सवै कर्मचारी प्रतिवद्ध र कर्तव्य निष्ठ हुने गरी कार्य गर्ने समिक्षा गरियो ।

### निर्णय नं २

वडा कार्यालय र विषयगत शाखाहरुले प्रस्तुत गरेको मासिक प्रगति विवरण उपर छलफल गरियो साथै यसलाई आगामी दिनमा थप प्रभावकारी बनाउने गरी निर्णय गरियो ।

### निर्णय नं ३

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७६ विभिन्न कार्यक्रमका साथ मनाउने निर्णय गरियो । यसै सन्दर्भमा ३ (तीन) दिवसिय संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७६ मनाउन प्रत्येक वडा टोलमा सरसफाई गरी, दिपावली गर्दै भव्यताका साथ मनाउने निर्णय गरियो ।

### निर्णय नं ४

त्रैमासिकरुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने सम्यन्धमा गाउँ कार्यपालिकाको वैठक मिति २०७६।३।२९ को निर्णय र कर्मचारी वैठकको मिति २०७६।४।२८ को निर्णयानुसार आगामी मिति २०७६ आश्विन महिनाभित्रमा वडा कार्यालय र गाउँपालिकाले मिति २०७६ कार्तिक महिनाको पहिलो हप्ताभित्र गर्ने निर्णय गरियो ।

२०७६।६।२

**निर्णय नं ५**

समग्र गाउँपालिकाबाट सम्पादित स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तरगतको वितिय तथा भौतिक प्रगति सहितको आय र व्ययको विवरण आगामी मिति २०७६ मंसीरको पहिलो हप्ता चौमासिक समिक्षा गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

सबै वडा कार्यालयहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित राजस्व संकलनका विविध शिर्षकहरुको परिधिभित्र रही सुत्रको ढाँचामा अद्यावधिक गर्न मिल्ने गरी शिर्षकगतरुपमा सम्पूर्ण राजस्व संकलन गरी मास्केवारीरुपमा यस कार्यालयको राजस्व शाखामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

यस कार्यालयको खरिद तथा जिन्सि शाखाबाट जिन्सि निरिक्षण प्रतिवेदन हालसम्म पनि पेश नभएको, स्वीकृत वार्षिक खरिद योजना अनुसार प्रथम चौमासिक अवधिमा खरिद गर्नु पर्ने जिन्सि मालसामान/निर्माण कार्य/परामर्श सेवा तथा अन्य सेवाहरुको लागत अनुमान, कार्य योजना, कार्य क्षेत्रगत शर्त विवरण, प्रस्तावना तथा प्रतिवेदन तयार नगरेको हुँदा सो यथाशिघ्र गर्ने र सार्वजनिक खरिद ऐन/नियम बमोजिम अब उप्रान्त प्रशासन शाखाको सिफारिश र कार्यालय प्रमुखको स्वीकृत बमोजिम खरिद कार्य तत्काल अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ८**

यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित शाखा, वडा कार्यालयहरुले संवेदनशिल र महत्वपूर्ण जिम्मेवारीकारुपमा लिई यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

यस गाउँपालिकाको स्वीकृत बजेट अनुसार कार्यपालिकाको निर्णयानुसार रु. २५ लाख भन्दा माथिको योजना तथा कार्यक्रमहरु सम्बन्धित शाखाले तत्काल टेण्डर प्रकृया अगाडी बढाउने, मिति २०७६।५।११ गतेको कार्यपालिकाको निर्णयानुसार टेण्डर गर्नु पर्ने कार्यहरु प्रकृया पुर्याई तत्काल गर्ने र रु. २५ लाख भन्दामुनिका योजना तथा कार्यक्रमहरु उपभोक्ता समितिले गर्ने कार्यपालिकाको निर्णयानुसार मिति २०७६।५।२४ गते वडा कार्यालयहरुमा पत्राचार समेत भैसकेको सन्दर्भमा सोही अनुसार अवगत गरी वडा कार्यालयका सचिवले उपभोक्ता समिति गठन गरी गराई सोको जानकारी यस कार्यालयलाई दिने निर्णय गरियो ।

२०७६।६।२

## निर्णय नं १०

यस कार्यालयको मिति २०७६।४।२८ गते गठीत कानून निर्माण मूल समिति र उपसमितिहरुले आवश्यक कानूनतथा कार्यविधिको मस्यौदा हालसम्म पेश नभएको हुँदा अवको कार्यालिका वैठकमा अनिवार्य पेश गर्नुपर्ने भएकाले आवश्यक कानूनको मस्यौदा निर्माण गरी तत्काल कानूनी सहजकर्ता समक्ष पेश गर्ने निर्णय गरियो ।